# ललितपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पुल्चोक,ललितपुर, ३ नं प्रदेश, नेपाल
# सेवा करारका लागि दरखास्त आह्वान
## प्रथम पटक सूचना प्रकाशन मिति:२०७६/०८/१७
## दरखास्तको अन्तिम मिति : २०७६/०९/१

यस महानगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार निम्नलिखित पदले गर्ने कार्य सेवा करारबाट गराउने निर्णय भएकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक ललितपुरमा कार्यालय समयमा ३ (तीन) प्रति फोटोसमेत टाँस गरी रीतपूर्वकको दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। एकभन्दा बढी विज्ञापित पदमा सेवा करारका लागि दरखास्त दिन चाहने उम्मेदवारले अलगअलग रूपमा दरखास्त फारम पेश गर्नुपर्नेछ।

**१) विज्ञापन नम्बर र सेवा सम्बन्धी विवरण**

| वि.नं. | सेवा करारमा लिने | | | | आवश्यक सङ्ख्या |
|---|---|---|---|---|---|
| | पद | तह | सेवा | समूह /उपसमूह | |
| ८/०७६/७७ | सिभिल ईञ्जिनियर | छैठौं तह | ईन्जिनियरिङ्ग | सिभिल | २४ (चौविस) |
| ९/०७६/७७ | आर्किटेक्ट | छैठौं तह | ईन्जिनियरिङ्ग | विल्डिङ्ग एण्ड आर्किटेक्ट | १(एक) |
| १०/०७६/७७ | ईलेक्ट्रिकल ईञ्जिनियर | छैठौं तह | ईन्जिनियरिङ्ग | ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग/ जनरल इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | १(एक) |
| ११/०७६/७७ | कम्प्युटर ईञ्जिनियर | छैठौं तह | विविध | | २(दुई) |
| १२/०७६/७७ | जि. आई. एस अफिसर | छैठौं तह | विविध | | १(एक) |
| १३/०७६/७७ | जुनियर आर्किटेक्ट | पाँचौ तह | ईन्जिनियरिङ्ग | विल्डिङ्ग एण्ड आर्किटेक्ट | २(दुई) |
| १४/०७६/७७ | सिनियर मेकानिक्स | पाँचौं तह | ईन्जिनियरिङ्ग | मेकानिकल / निर्माण उपकरण संभार | १(एक) |
| १५/०७६/७७ | कम्प्युटर अपरेटर | पाँचौं तह | विविध | | १(एक) |

## २)अन्य विवरण

- **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
  - **लिखित परीक्षा** :-विज्ञापित सबै पदको लिखित परिक्षा वस्तुगत बहुउत्तर प्रणालीमा १०० पूर्णाङ्कको हुनेछ ।
  - **प्रयोगात्मक परीक्षा** :- छैठौं तहका कम्प्युटर ईञ्जिनियर, जि. आई. एस अफिसर र पाँचौं तहका सिनियर मेकानिक्स, कम्प्युटर अपरेटरको लिखित परीक्षामा सफल भएका उम्मेदवारका लागि ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा समेत हुनेछ ।
  - **अन्तर्वार्ता** :- लिखित परीक्षामा सफल सबै पदका उम्मेदवारका लागि ५० पूर्णाङ्कको अन्तर्वार्ता हुनेछ ।
- **परीक्षाको पाठ्यक्रम :** यस महानगरपालिकाको website www.lmc.gov.np बाट समेत download गर्न सकिनेछ ।
- **परीक्षाको मिति र केन्द्र :** दरखास्त दिने अन्तिम म्याद समाप्त भएको भोलिपल्टबाट एक हप्ताभित्र महानगरपालिकाको सूचना पाटीमा टाँस गरी महानगरपालिकाको website www.lmc.gov.np मा समेत राखिनेछ ।
- **परीक्षा दस्तुर** : विज्ञापित छैठौं तहका लागि रु १०००/- र पाँचौं तहका लागि रु ८००/- हुनेछ ।
- **दरखास्त पाइने स्थान** : दरखास्त फाराम ललितपुर महानगरपालिका कार्यालय पुल्चोक ललितपुरबाट रु. १००/- (एक सय रुपैयाँ) तिरी प्राप्त गर्न सकिने छ । साथै, त्यस्तो दरखास्त फाराम महानगरपालिकाको website www.lmc.gov.np बाट पनि download गर्न सकिनेछ ।
- **दरखास्त दस्तुर बुझाउने ठाउँ र समय :** ललितपुर महानगरपालिका कार्यालयको राजस्व प्रशासन महाशाखामा कार्यालय समयभित्र बुझाउन सकिने छ ।
- **दरखास्त दिने अन्तिम मिति :** २०७६/०९/०१ गतेसम्म । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बुझाउन सकिने छ ।
- **उम्मेदवारको उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्ममा छैठौं तहका लागि २१ वर्ष र पाँचौ तहका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ । अपाङ्गता भएका व्यक्ति तथा महिला उम्मेदवारको हकमा उमेरको पछिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- **आवश्यक न्यूनतम योग्यता :**

  १. **ईञ्जिनियर, तह ६, ईन्जिनियरिङ्ग, सिभिल** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी. ई. वा सो सरह उत्तीर्ण ।

  २. **आर्किटेक्ट, तह ६, ईन्जिनियरिङ्ग, विल्डिङ्ग एण्ड आर्किटेक्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर विषयमा बी. आर्क. वा सो सरह उत्तीर्ण गरी कुनै मान्यता प्राप्त रजिस्टर्ड संस्थाबाट Autocad सम्बन्धी तालिम प्राप्त ।

  ३. **ईलेक्ट्रिकल ईञ्जिनियर, तह ६, ईन्जिनियरिङ्ग, ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग/जनरल ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा बी. ई. वा सो सरह उत्तीर्ण ।

  ४. **कम्प्युटर ईञ्जिनियर, तह ६, विविध** : कम्प्युटर ईन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक ईन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक ईन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन ईन्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. **जि. आई. एस अफिसर, तह ६, विविध** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. टि. मा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्तीमा ३ महिनाको ArcGIS तालिम प्राप्त ।

६. **जुनियर आर्किटेक्ट, तह ५, ईन्जिनियरिङ्ग, विल्डिङ्ग एण्ड आर्किटेक्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कुनै मान्यता प्राप्त रजिस्टर्ड संस्थाबाट Autocad सम्बन्धी तालिम प्राप्त ।

७. **सिनियर मेकानिक्स, तह ५, ईन्जिनियरिङ्ग, मेकानिकल / निर्माण उपकरण संभार** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

८. **कम्प्युटर अपरेटर, तह ५, विविध** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

- **दरखास्तसाथ उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्ने कागजात :**

  क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
  
  ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्र
  
  ग) शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र
  
  घ) शैक्षिक योग्यताको समकक्षता / सम्बद्धता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि
  
  ङ) सिभिल ईन्जिनियर /आर्किटेक्ट / ईलेक्ट्रिकल ईन्जिनियर छैठौं तहका लागि नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
  
  च) न्यूनतम योग्यतामा उल्लेख भएको तालिमको प्रमाणपत्रको प्रतिलिपि
  
  छ) अपाङ्गता भएका व्यक्तिका हकमा अपाङ्गता सम्बन्धी परिचयपत्रको प्रतिलिपि

- **/योगात्मक तथा अन्तर्वार्ता हुने मिति** : लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सोही सूचनामा उल्लेख गरिने छ ।
- **तलब** : सम्बन्धित पद/तहले पाउने सुरु तलब स्केल ।
- **सेवा करारमा रही काम गनुपर्ने स्थान र कामको विवरण :** ललितपुर महानगरपालिकाले तयार गरेको कार्य विवरणमा उल्लेख भएबमोजिम ।

**द्रष्टव्य :**

(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन । स्वीकृत भइसकेको दरखास्त फारम छानबिनका क्रममा रित नपुगेको पाइएमा त्यस्तो दरखास्त कुनै पनि समय अस्वीकृत हुनेछ ।

(ख) अन्तर्वार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १(एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजु गराउनुपर्ने छ ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने छ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

घ)	उम्मेदवारले यस सम्बन्धमा थप कुनै कुरा बुझ्नु परेमा कार्यालयको सामान्य प्रशासन महाशाखामा सम्पर्क गरी बुझ्न सकिने छ । यस सम्बन्धी जानकारी महानगरपालिकाको वेवसाइट www.lmc.gov.np मा पनि उपलब्ध हुनेछ ।

ङ)	यस विज्ञापनका सम्बन्धमा जारी हुने थप सूचना तथा संशोधन आदि विषय महानगरपालिकाको वेवसाइट www.lmc.gov.np मा राखिने भएकाले दरखास्त दिने उम्मेदवारले नियमित रूपमा वेवसाइट हेर्नहुन जानकारी गराइन्छ ।